घरपझोङ गाउँ कार्यपालिकाबाट स्वीकृतः मिति २०७८/१२/१४

# घरपझोङ गाउँपालिका
# मुस्ताङ इको म्यूजियम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

# मुस्ताङ इको म्यूजियम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

<u>**प्रस्तावनाः**</u> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११. को उपदफा (२) खण्ड फ. को उपखण्ड (२) मा गाउँपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास सम्बन्धी व्यवस्था रहेको र सोही ऐनको दफा ११. को उपदफा (४) को खण्ड ज. मा स्थानीयस्तरमा पुरातत्त्व, प्राचीन स्मारक र सङ्ग्रालय संरक्षण, सम्वर्द्धन र पुनः निर्माणको कार्यलाई समेत गाउँपालिकाको अधिकार क्षेत्र तोकेको अवस्थालाई मध्यनजर गर्दै राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको सहयोगमा निर्मित मुस्ताङ इको म्यूजियम स्थानीय समुदायको संस्कृति, सम्पदा र पर्यावरणको सम्बर्द्धन एवम् संरक्षण गर्ने उद्देश्यका साथ  पर्यावरणीय तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको तथा २०७२ सालको महाभूकम्पबाट प्रभावित भई लामो समयसम्म बन्द अवस्थामा रहेको मुस्ताङ इको म्यूजियमलाई सु-व्यस्थित रुपले व्यवस्थापन तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०७७ को दफा ४. ले दिएको अधिकार प्रयोग गरी घरपझोङ गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस कार्यविधिको नाम "मुस्ताङ इको म्यूजियम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ रहेको छ।

(२) यो कार्यविधि घरपझोङ गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"इको म्यूजियम"** भन्नाले स्थानीय समुदायको संस्कृति, सम्पदा र पर्यावरणीय उपजहरुको संरक्षण एवम् सम्वर्द्धन गर्ने उद्देश्यले स्थापना भएको पर्यावरणीय म्यूजियमको रुपमा रहेको मुस्ताङ इको म्यूजियमलाई सम्झनु पर्दछ।

ख) **"कार्यपालिका"** भन्नाले घरपझोङ गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) **"गाउँपालिका"** भन्नाले घरपझोङ गाउँपालिका सम्झनु पर्दछ।

घ) **"व्यवस्थापक"** भन्नाले दफा ६. बमोजिम इको म्यूजियमको व्यवस्थापन तथा सञ्चालनको लागि छनोट भएको म्यूजियम व्यवस्थापक सम्झनु पर्दछ।

ङ) **"समिति"** भन्नाले दफा ३. बमोजिमको इको म्यूजियम व्यवस्थापन तथा सञ्चालनको लागि गठित इको म्यूजियम व्यवस्थापन तथा सञ्चालन समिति सम्झनु पर्दछ।

च) **"संयोजक"** भन्नाले दफा ३. बमोजिमको इको म्यूजियम व्यवस्थापन तथा सञ्चालन समितिको संयोजक सम्झनु पर्दछ।

## परिच्छेद २

## इको म्यूजियम व्यवस्थापन तथा सञ्चालन समिति सम्बन्धी व्यवस्था

३. **इको म्यूजियम व्यवस्थापन तथा सञ्चालन समिति गठन विधिः** (१) इको म्यूजियमको समग्र गतिविधिहरुलाई व्यवस्थित रुपले संञ्चालन तथा व्यवस्थापन गर्न घरपझोङ गाउँपालिकामा देहायको एउटा इको म्यूजियम व्यवस्थापन तथा सञ्चालन समिति रहनेछ।

| | | |
|---|---|---|
| क) | गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) | जिल्ला प्रशासन कार्यालय मुस्ताङको अधिकृत स्तरको प्रतिनिधि | सदस्य |
| ङ) | सामाजिक विकास समितिको संयोजक | सदस्य |
| च) | आर्थिक विकास समितिको संयोजक | सदस्य |
| छ) | म्यूजियम रहेको सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ज) | अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको प्रमुख | सदस्य |
| झ) | संरक्षण क्षेत्र व्यवस्थापन समितिहरुबाट संयोजकले तोकेको १ जना | सदस्य |
| ञ) | स्थानीय सरोकारवालाहरुबाट संयोजकले तोकेको १ जना | सदस्य |
| ट) | आम्ची मध्येबाट समितिले तोकेको १ जना | सदस्य |
| ठ) | लामा मध्येबाट समितिले तोकेको १ जना | सदस्य |
| ड) | गाउँपालिकाको शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ र उक्त बैठकमा अन्य सरोकारवालाहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

४. **<u>संयोजक र सदस्यको पदावधिः</u>** दफा ३ को उपदफा (१) को खण्ड क) बमोजिम इको म्यूजियम व्यवस्थापन तथा सञ्चालन समितिको संयोजक, खण्ड ख), ग), घ), ङ), च), छ), ज) र ड) बमोजिमको सदस्यहरु पदेन सदस्यको रुपमा रहनेछन् र खण्ड झ), ञ), ट) र ठ) बमोजिमका सदस्यहरुको पदावधि ५ वर्ष हुनेछ।

## परिच्छेद ३

## <u>इको म्यूजियम व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार</u>

५. **<u>इको म्यूजियम व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) इको म्यूजियमलाई व्यवस्थित रुपले व्यवस्थापन तथा सञ्चालन गर्नका लागि इको म्यूजियम व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) इको म्यूजियमको समग्र व्यवस्थापन र सञ्चालन सम्बन्धी नीति निर्माण तथा नीतिगत मार्ग निर्देशन गर्ने,

ख) इको म्यूजियमको समग्र व्यवस्थापन तथा सञ्चालनको सुपरीवेक्षण गर्ने,

ग) इको म्यूजियमलाई अनुसन्धान र पर्यावरणीय अध्ययन केन्द्रको रुपमा विकास गर्ने,

घ) इको म्यूजियम व्यवस्थापकलाई आवश्यक निर्देशन एवम् सुझाव दिने,

ङ) सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय एवम् सहकार्य गर्ने,

(२) समितिले आवश्यक ठानेमा कुनै पनि बेला म्यूजियमको निरीक्षण गर्न सक्नेछ।

## परिच्छेद ४

## <u>इको म्यूजियम व्यवस्थापक सम्बन्धी व्यवस्था</u>

६. **<u>इको म्यूजियम व्यवस्थापकको छनोट</u>** : (१) इको म्यूजियमको व्यवस्थापन तथा सञ्चालनको लागि एउटा म्यूजियम व्यवस्थापकको छनोट गरिनेछ। म्यूजियम व्यवस्थापकको छनोट देहायका आधारमा गरिनेछ।

क) म्यूजियम व्यवस्थापकको लागि इच्छुक व्यक्ति वा संघ/संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्,

ख) व्यक्तिको हकमा आवेदन साथ नेपाली नागरिकताको प्रमाण-पत्रको छाँयाप्रति, म्यूजियम वा संघ संस्था सञ्चालन गरेको अनुभव भए सो को छाँयाप्रति,

ग) संघ संस्थाको हकमा सम्बन्धित संस्थाको दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र (PAN), कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति र निवेदन/प्रस्ताव,

घ) म्यूजियम सञ्चालन गरी अनुभव प्राप्त सामाजिक संघ, संस्थालाई विशेष प्राथमिकता दिइनेछ,

ङ) म्यूजियम व्यवस्थापकको छनोटका लागि १५ दिनको सार्वजनिक सूचना आवह्वान गरिनेछ। तर पहिलो पटक प्रकाशित सूचना बमोजिम आवेदन/प्रस्ताव पेश हुन नआएमा पुनः सूचना प्रकाशन गरिनेछ।

च) पेश भएका आवेदन/प्रस्तावहरुलाई आर्थिक प्रस्ताव वापत ४० अंक र प्राविधिक प्रस्तावका लागि ६० अंकको आधारमा विभाजन गरी मूल्यांकन गरिनेछ।

(२) म्यूजियम व्यवस्थापकले पुरा गर्नु पर्ने कार्य जिम्मेवारी र अधिकार निम्न बमोजिम रहनेछः

क) इको म्यूजियमको दैनिक कार्य सुचारू र सुव्यवस्थित रुपले सञ्चालन गर्ने,

ख) इको म्यूजियमको भौतिक संरचनालाई व्यवस्थित बनाई राख्ने,

ग) इको म्यूजियम भित्र रहेका वस्तुहरुको सुरक्षात्मक रुपले व्यवस्थापन गरी प्रदर्शन गर्ने,

घ) इको म्यूजियम भित्र रहेको यन्त्र उपकरण, फर्निचर, प्रदर्शित वस्तुहरु, जडीवुटीहरु, कार्यालय सामाग्रीहरु र पुस्तक एवम् पुस्तकालय लाई व्यवस्थित गरी राख्ने,

ङ) इको म्यूजियम अवलोकनका लागि आउने स्वदेशी तथा विदेशी अवलोकनकर्तालाई उपयुक्त वातावरण सिर्जना गरी यथेष्ट सूचना प्रवाह गर्ने,

च) गाउँपालिकासँग आवश्यक समन्वय गर्ने,

छ) इको म्यूजियम व्यवस्थापन सम्बन्धी क्रियाकलापको जवाफदेहिता वहन गर्ने।

## परिच्छेद ५
## सम्झौता सम्बन्धी व्यवस्था

७. **व्यवस्थापकसँगको सम्झौता सम्बन्धी व्यवस्थाः** (१) दफा ६. बमोजिम इको म्यूजियम व्यवस्थापन तथा सञ्चालनको लागि छनोट भएको व्यक्ति वा संस्थासँग सम्झौता गर्दा व्यवस्थापकले देहायका शर्तहरु पालना गर्नुपर्ने गरी सम्झौता गरिनेछ।

क) इको म्यूजियम व्यवस्थापनका कार्यहरु नियमित रुपमा सञ्चालन गर्नुपर्ने छ।

ख) इको म्यूजियम अवलोकनका लागि खुल्ला रहने समय र दिन समितिले तोकिदिएको समय र दिन भन्दा नघट्ने गरी व्यवस्थापकले निर्धारण गर्न सक्नेछ।

ग) म्यूजियम व्यवस्थापनका कार्यहरु भन्नाले सरसफाई, पर्यटकलाई स्वागत तथा टिकट वितरण, सम्पत्तिको सुरक्षा र उद्यनको मर्मत सुधार, सूचना प्रदान सम्बन्धी व्यवस्था सम्झनु पर्दछ।

घ) व्यवस्थापकले म्यूजियम व्यवस्थापनको लागि आवश्यक कर्मचारीको व्यवस्था आफैले गर्न सक्नेछ। कर्मचारीको व्यवस्था गर्दा म्यूजियम इन्चार्जको शैक्षिक योग्यता प्रवीणता प्रमाणपत्र तह, १०+२ वा सो सरह हुनुपर्नेछ र म्यूजियम व्यवस्थापन सम्बन्धी ज्ञान भएको व्यक्तिलाई प्राथमिकतामा राख्नु पर्नेछ।

ङ) व्यवस्थापकले प्रत्येक तीन महिनामा म्यूजियम सम्बन्धी व्यवस्थापनको प्रतिवेदन अनुसूची १ बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु पर्नेछ।

च) व्यवस्थापकले गाउँपालिकाको अधीनमा रही काम गर्नु पर्नेछ।

छ) व्यवस्थापकले म्यूजियममा रहेको नाम र छाप हटाउन केरमेट गर्न पाउने छैन।

ज) व्यवस्थापकले म्यूजियम बाहिर रहेको खाली ठाउँमा फलफूल खेती, वृक्षारोपण तथा अन्य संरचनाहरु निर्माण गर्न गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ।

झ) व्यवस्थापकले प्रदर्शन हेरफेर वा थप गर्नु परेमा गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

ञ) व्यवस्थापकले म्यूजियमलाई फाइदा पुग्ने गरी आफ्नै खर्चमा प्रचारप्रसार गर्न सक्नेछ।

ट) व्यवस्थापकले तोकेको कार्य तथा जिम्मेवारीहरु प्रभावकारिताका साथ तोकिएको समयमा सम्पन्न गर्नु पर्नेछ।

ठ) व्यवस्थापकले म्यूजियमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समितिले दिएको राय सुझाव र निर्देशनहरुको पूर्ण पालना गर्नु पर्नेछ।

ड) व्यवस्थापकले म्यूजियम सञ्चालन वापत वार्षिक रकम रु. १,००,०००/- भाडा वापत बुझाउनु पर्नेछ र सो रकम ३/३ महिनामा किस्तावन्दीमा बुझाउनु पर्नेछ। प्रत्येक २/२ वर्षमा भाडामा १०% प्रतिशत वृद्धि हुँदै जानेछ।

ढ) सम्झौता वमोजिम कबोल गरेको रकमको ५% धरौटी वापत राख्नु पर्नेछ।

ण) व्यवस्थापकले म्यूजियम व्यवस्थापनका क्रममा थप क्रियाकलापहरु तथा इको म्यूजियमको व्यवस्थापन र हितलाई ध्यानमा राखी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था र व्यक्तिसँग सहयोगको लागि अनुरोध गर्दा इको म्यूजियम व्यवस्थापन तथा सञ्चालन समितिको स्वीकृति लिई गर्न सक्नेछ।

त) म्यूजियममा रहेको भौतिक संरचना म्यूजियम प्रयोजनको लागि मात्र प्रयोग गर्न पाईनेछ। स-साना मर्मत, सरसफाई, खानेपानी महशुल, विद्युत महशुल समेत व्यवस्थापकले व्यहोर्नु पर्नेछ।

थ) म्यूजियम बाहेकका खाली जग्गा गाउँपालिकाले आवश्यक परेको समयमा उपयोग गर्न सक्नेछ,

द) सम्झौताको अवधि ५ वर्षको हुनेछ। परिक्षणकाल १ वर्षको हुनेछ। यदि परिक्षणकालको अवधिमा कार्य सन्तोषजनक नभएमा १ महिनाको सूचना दिई सम्झौता रद्द गर्न सकिनेछ।

## परिच्छेद ६

## जिन्सी तथा सम्पत्ति सम्बन्धी व्यवस्था

८. **जिन्सी सम्बन्धी व्यवस्थाः** (१) म्यूजियम भित्र रहेका संरक्षण एवम् सम्वर्द्धन गर्ने जिम्मेवारी व्यवस्थापकको हुनेछ।

(२) व्यवस्थापकले म्यूजियममा रहेका सम्पूर्ण जिन्सीलाई चुस्त दुरुस्त राख्नु पर्नेछ।

(३) म्यूजियमभित्र रहेका भवन लगायतका जग्गाको रेखदेख एवम् संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुनेछ।

## परिच्छेद ७

## प्रवेश शुल्क सम्बन्धी व्यवस्था

९. **प्रवेश शुल्क निर्धारणः** (१) व्यवस्थापकले म्यूजियमको अवलोकनका लागि प्रवेश गर्ने घरपझोङ गाउँपालिकाबासीको हकमा निःशुल्क, नेपाली नागरिकहरुको हकमा रु. २० (बीस रुपैयाँ), नेपाली विद्यार्थीका लागि ५०% छुट, सार्क देशका नागरिकहरुको हकमा रू. ५० (पचाँस रुपैयाँ) र सार्क देशहरु बाहेक अन्य विदेशी नागरिकहरुको हकमा रु. १०० (एक सय रुपैयाँ) प्रवेश शुल्क लिन सक्नेछ।

(२) प्रवेश शुल्क सम्बन्धमा हेरफेर गर्नु परेमा समितिले हेरफेर गर्न सक्नेछ।

## परिच्छेद ८

## अक्षय कोष सम्बन्धी व्यवस्था

१०. **अक्षय कोष सम्बन्धी व्यवस्थाः**(१) यस अगाडि मुस्ताङ इको म्यूजियमको व्यवस्थापन तथा सञ्चालनको लागि राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र म्यूजियम व्यवस्थापन समिति बीच सम्झौता भए बमोजिम राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले उपलब्ध गराएको रु. ४० लाखको अक्षय कोषलाई म्यूजियम व्यवस्थापन समितिको नाममा यथावत राखिनेछ।

(२) उक्त अक्षय कोषमा रहेको रु. ४० लाखलाई इको म्यूजियम व्यवस्थापन तथा सञ्चालन समितिमा हस्तान्तरण गर्ने व्यवस्था मिलाई इको म्यूजियमको व्यवस्थापन र सञ्चालनमा मात्र खर्च गर्ने गरी एउटा छुट्टै कोषको व्यवस्था गरिनेछ।

(३) उक्त अक्षय कोषको संरक्षण एवम् सञ्चालन गर्ने दायित्व समितिको हुनेछ। उक्त अक्षय कोषको सञ्चालन समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ।

## परिच्छेद ९

## विविध

११. **संशोधन वा हेरफेरः** (१) कार्यपालिकाले समितिको परामर्शमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

१२. **आवश्यक व्यवस्था गर्न सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्यवस्था गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १

## दफा ७. को खण्ड ङ) बमोजिम पेश गर्नुपर्ने प्रतिवेदनको ढाँचाको नमूना

क) परिचय,

ख) उद्देश्य,

ग) म्यूजियम व्यवस्थापनका लागि अपनाईएका तौर तरिका, विधि, पद्धति,

घ) म्यूजियम अवलोकन गर्न आउने स्वदेशी तथा विदेशी पर्यटकको संख्या सम्बन्धी विवरण,

ङ) म्यूजियम व्यवस्थापनलाई थप प्रभावकारी बनाउन गर्नुपर्ने सुधार सम्बन्धी विषय।